सिदिङ्वा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

(प्रमुख प्रशासकीय अधिकृतको सचिवालय)

साब्लाखु, ताप्लेजुङ
१ नं. प्रदेश,नेपाल

प.सं. २०७६।०७७
च.नं.-१०१८

मितिः-२०७६।१२।२४

## विषयः निर्णय कार्यान्वयन गर्ने बारे।

श्री सम्पुर्ण वडा कार्यालय,
सिदिङ्वा गाउँपालिका।

प्रस्तुत विषयमा सिदिङ्वा गाउँ कार्यपालिकाको बैठक संख्या ६३-१४-२०७६।०७७ मिति २०७६।१२।२३ को बैठकमा देहायको प्रस्तावमा देहाय बमोजिमको निर्णय भएकोले आवश्यक कार्यान्वयनको लागि पठाइएको व्यहोरा जानकारी गराइन्छ।

१. **आवागमन निषेधबाट उत्पन्न परिस्थितिमा लक्षित परिवारलाई खाद्यान्न आपुर्ती गराउने संबन्धमा**

नेपाल सरकारले जारी गरेको लकडाउन आवागमन निषेधबाट उत्पन्न परिस्थितिबाट यस सिदिङ्वा गाउँपालिकाको नागरिकहरुलाई दैनिक उपभोग्य खाद्यान्नहरुको सहज आपूर्तिको व्यवस्था गर्न यस गाउँपालिका अन्तर्गतका कम्तिमा एउटा वडामा एउटा ब्यापारीलाई आफ्नो वडामा पुग्ने खाद्यान्नको आपूर्ति गर्न लगाउने, उक्त खाद्यान्न ढुवानीको लागी आबश्यक सूरक्ष प्रवन्ध उपलब्ध गराउन गाउँपालिकाले सहजिकरण गर्ने। यसरी आपूर्ति भएको खाद्यान्नलाई सहज रुपमा, सुपथ मुल्यमा वितरण गर्नको लागी गाउँपालिकाको जनप्रतिनिधिहरुको रोहवर तथा अनुगमनमा सम्पुर्ण नागरिकहरुमा पहुँच पुर्याउने।

२. **सिमा नाका बन्द तथा क्वारेन्टाइनमा राखिने ब्यक्तिहरु संबन्धमा**

विश्वब्यापी रुपमा फैलिएको कोरोना भाइरस (COVID – 19) को प्रकोप रोकथाम तथा नियन्त्रणको लागी यस गाउँपालिका अन्तर्गत वडा नं. ६ को श्री भञ्ज्याङ मा.बि. मा १२ बेडको क्वारेन्टाइन स्थापना गरिएकोमा हिजो १२।२२ देखी बिदेशबाट आएका संक्रमित ब्यक्तिद्वारा स्थानीय ब्यक्तिमा संक्रमण सरी दोश्रो चरणको कोरोना प्रकोप फैलिसकेको अवस्थालाई मध्यनजर गर्दै गाउँपालिका स्तरीय समन्वय समितिले १२।१५ गते गरेको सिमा नाका बन्द गर्ने तथा उक्त प्रयोजनको लागी स्वयंसेवक ब्यबस्था गर्ने निर्णयलाई कडा रुपमा कार्यान्वयन गर्दै अब देखि १ नं. प्रदेश भन्दा बाहिर बाट आउने सम्पुर्ण ब्यक्तिहरुलाई क्वारेन्टाइनमा राख्ने।

सुमन लिङदेन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner